"समृद्ध खाँदबारी नगर"
# खाँदवारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
खाँदवारी, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल ।

## आगामी आ.व. २०८२/०८३ को लागि बहाल बिटौरी शुल्क (आयमूलक भवन भाडामा) लगाउनेसम्बन्धी दरभाउपत्र पेस गर्ने बारेको सूचना ।

**(प्रथम पटक प्रकाशित मिति २०८२/०३/१७ गते)**

खाँदबारी नगरपालिका, नगरकार्यपालिकाको मिति २०८२/०३/१० गतेको निर्णयानुसार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्थाबमोजिम देहाय अनुसार आयमूलक भवन आ. व. २०८२/०८३ भरको लागि बढाबढमा ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र दरभाउपत्र पेस गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**देहाय :**

| क्र. सं. | बहाल बिटौरी शुल्कको नाम र क्षेत्र | बढाबढको लागि न्यूनतम बार्षिक ठेक्का अङ्क रु. | कैफियत |
|---|---|---|---|
| १. | खाँदबारी नगरपालिका वडा नं. १ स्थित टुँडीखेलमा रहेको आयमूलक भवन भाडा (भुईतलाको मासु व्यवसाय गर्ने स्थल वाहेक) | रु. ३,६३,३००।- (अक्षरेपी : तीन लाख त्रिसाठ्ठी हजार तीन सय मात्र) | |
| २. | खाँदबारी नगरपालिका वडा नं. १ स्थित टुँडीखेलमा रहेको आयमूलक भवन भाडा (भुईतलाको मासु व्यवसाय गर्ने स्थल मात्र) | रु. १,५१,२५०।- (अक्षरेपी : एक लाख एक्काउन्न हजार दुई सय पचास मात्र) | **प्रति सटर वा सबै सटरका दरले भाडा** |
| ३. | खाँदबारी नगरपालिका वडा नं. १ स्थित पोखरी बजारमा रहेको आयमूलक भवन भाडा लगाउने सम्वन्धमा । | रु. १,६३,०००।- (अक्षरेपी : एक लाख त्रिसाठ्ठी हजार मात्र) | |

**शर्तहरु :-**

१. दरभाउपत्रसाथ निवेदन, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि र रु. १,०००।- (अक्षरेपी एक हजार मात्र) यस नगरपालिकाको राजश्व उपशाखामा बुझाएको नगदी रसिद संलग्न भएको हुनुपर्नेछ ।

२. दरभाउपत्र सूचना प्रकाशित भएको मितिले सातौं दिनको ठीक ५:०० वजे भित्रमा दरभाउपत्र फारम खरिद गरी सक्नुपर्नेछ । आठौं दिनको १२:०० बजे भित्र दरभाउपत्र फारम पेस गरिसक्नुपर्नेछ । रितपूर्वक पेस भएका दरभाउपत्रहरु सोहि दिनको २:०० वजे दरभाउपत्र पेसकर्ताहरुको उपस्थितिमा खोलिनेछ । दरभाउपत्र पेसकर्ताहरु उपस्थित नभए पनि दरभाउपत्र खोल्न वाधा परेको मानिने छैन ।

३. दरभाउपत्र कुनै कारण जनाई वा नजनाई स्वीकृत वा अस्वीकृत वा आंशिक स्वीकृत गर्ने सर्वाधिकार नगरकार्यपालिका कार्यालयमा निहित रहनेछ ।

४. दरभाउपत्र स्वीकृत भएको ७ (सात) दिनभित्र सम्बन्धित ठेक्का सम्झौता गरी सक्नुपर्नेछ । ठेक्का सम्झौता गर्दा कवोल अङ्क वरावरको नगद वा चेकबाट रकम बुझाउनुपर्नेछ ।

५. दरभाउपत्र पेस गर्नेले यस न.पा. मा बुझाउनुपर्ने सम्पूर्ण कर, दस्तुर, महशुल, सेवा शुल्क आदि बुझाई सकेको र नगरपालिकालाई कुनै तिर्नु बुझाउनुपर्ने बाँकी बक्यौता भएको हुनुहुदैन । त्यस्तो दरभाउपत्र पेस गर्नेको दरभाउपत्र पेस भएको भए पनि बदर गरिनेछ ।

प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

यस कार्यालयको फोन नं. ०२९-५६०१४१,१२१,२५०,२५४,४४१ फ्याक्स : ०२९-५६०१४१,२५४
वेभसाइट : www.khandbarimun.gov.np इमेल : khandbari.mun@gmail.com

"समृद्ध खाँदबारी नगर"

# खाँदबारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## खाँदबारी, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल ।

६. आयमूलक भवनमा कृषिजन्य उत्पादनका सामानहरु पहिलो प्राथमिकतामा राखेर मात्र दैनिक उपभोगका सामानहरु, किराना पसल, रेडिमेट कपडा, थान कपडा, जुत्ता चप्पल, बिजुलीको सामान, कस्मेटिक, श्रृंगारका सामानहरुको वेचविखन गर्न पाउने छ । माथिको वस्तुहरु वाहेक वढी जोखिम हुने वस्तुहरु, गैह्र कानुनी वस्तुहरु र अन्य कुनै किसिमको व्यवसाय गर्न वा राख्न वा वेचविखन गर्न पाईने छैन । माथि उल्लेख भएका वाहेक कुनै वस्तुको व्यवसाय गर्नु पूर्व नगरपालिकाको स्वीकृति लिनुपर्नेछ ।

७. मासु व्यवसाय गर्ने स्थलमा प्रचलित कानूनवमोजिमका मासुजन्य पदार्थको मात्र बिक्रीबितरण गर्न पाईनेछ ।

८. दरभाउपत्र दाताले कवोल रकमसाथ खाँदबारी नगरपालिका स्थित राष्ट्रिय वाणिज्य वैङ्क लि., खाँदबारी शाखामा रहेको खाँदबारी नगरपालिकाको कार्यालयको धरौटी खाता नं. २०८०१००३०३००००२ मा बार्षिक कवोल अङ्कको २.५ (दुई दशमलव पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम वापत् जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र वैङ्कबाट मान्यता प्राप्त वाणिज्य वैङ्क "क" वर्गको वैङ्कहरुबाट यस कार्यालयको नाममा नियमानुसार जारी गरिएको १२० (एक सय विस) दिनको मान्य अवधि भएको वैङ्क जमानत (बिडबण्ड) धरौटी स्वरुप पेस गर्नुपर्नेछ ।

९. दरभाउपत्र पेस गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय समय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

१०. यस विषयमा विस्तृत कुरा बुझ्नु परेमा नगरपालिकाको राजश्व उपशाखामा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

११. यस सूचनामा उल्लेख भएका कुराहरु यसैबमोजिम हुनेछन् । उल्लेख नभएका कुराहरु प्रचलित ऐन, कानून वमोजिम हुनेछ ।

पद्म प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत

पद्म प्रसाद बजगाई
प्रमुख प्रशासकीय अधिकृत